नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उदयपुर सिमेन्ट उद्योग लिमिटेडको**

संचालक समितिको अध्यक्ष/सदस्य नियुक्तिका लागि गठित सिफारिस समितिको

दरखास्त आह्वान सम्बन्धी संशोधित सूचना

प्रकाशित मितिः २०८२।०५।१८

सिफारिस समितिको मिति २०८२।०५।१६ मा प्रकाशित सूचनामा देहाय बमोजिम संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको रिक्त संचालक समितिको अध्यक्ष पदमा १(एक) जना र सदस्य पदमा २(दुई) जना खुल्ला प्रतिष्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकवाट यो संशोधित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (कार्यालय समयमा) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (सरकारी उद्योग तथा संस्थान शाखा) सिंहदरबार, काठमाडौंमा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **योग्यता तथा अनुभवः**

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको,

(ख) दरखास्त दिने अन्तिम मितिसम्म संचालक समितिको अध्यक्ष पदको लागि ३५ (पैतीस) वर्ष पूरा भई ६५ (पैसठ्ठी) वर्ष उमेर ननाघेको र सदस्य पदको लागि ३० (तीस) वर्ष पूरा भई ६५ (पैसठ्ठी)) वर्ष उमेर ननाघेको

(ग) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

२. **निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र कार्य अनुभव खुलेको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि, विदेशी विश्वविद्यालयवाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र,

(ख) योग्यता, अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन नं., मोवाइल नं. स्थायी, अस्थायी, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (CV),

(ग) उम्मेदवारको हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।

३. **दरखास्त साथ निम्नलिखित व्यहोराहरू उम्मेदवार स्वयंले प्रमाणित गरी स्वघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछः**

(क) राजनैतिक दलको सदस्य नभएको,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहर नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरेका कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवस्था नरहेको,

(ङ) टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको,

(च) उदयपुर सिमेन्ट उद्योग लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(ज) कुनै पनि गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

(झ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको,

४. दरखास्त दस्तुरबापत मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१, राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरवार शाखामा रु. १,५००/- (अक्षरेपी एक हजार पाँच सय मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. पारिश्रमिक तथा अन्य सुविधाः प्रचलित कानून बमोजिम हुनेछ।

६. **अन्य विवरणः**

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिवाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्त साथ कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ ।

## अनुसूची २

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

### नियुक्त वा मनोनीत हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायको देहायको पदमा नियुक्ति/मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून वमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त/मनोनीत हुन चाहेको सार्वजनिक निकायको नाम:

२. नियुक्त/ मनोनीत हुन चाहेको पद:

३. दरखास्त पेश गर्ने व्यक्तिको

क) व्यक्तिगत विवरण:

नाम थर:-

नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र जारी जिल्ला:

स्थायी ठेगाना:

अस्थायी ठेगाना:

जन्म मिति:

सम्पर्क नम्बर:

इमेल:

ख) शैक्षिक योग्यताको विवरण:

| क्र.सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग) अनुभव

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

घ) लेख/रचना तथा अन्य प्रकाशन

| क्र.सं. | लेख/रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ) अन्य केही खुलाउनु पर्ने भएः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

च) संलग्न कागजात तथा विवरणः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(२) वैयक्तिक विवरण,
(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
(४) सम्वन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

दस्तखतः ............................

नाम थरः ............................

मितिः ..............................

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको संचालक समितिको अध्यक्ष/सदस्य पदका

उम्मेदवारले आवेदन फारम साथ पेश गर्नुपर्ने

**स्वःघोषणा फाराम**

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग नलागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | उदयपुर सिमेन्ट उद्योग लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको, |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको, |
| ८. | कुनै पनि राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको। |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु।

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः